# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ६, संख्या ६, मितिः २०७९।०७।१५

## भाग–२

### "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०७९)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती, नेपाल

## "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०७९)

*नगर कार्यपालिका बैठकबाट पारित मिति: २०७९/०७/०२*

*प्रमाणिकरण मिति: २०७९/०७/१५*

१. मूल कार्यविधिको दफा १ (१) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: संक्षिप्त नाम र प्रारम्भ: यस कार्यविधिको नाम "सहकारी अनुदान, शिक्षा, तालिम र अन्य कार्यक्रम संचालन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०७९) रहेको छ।

२. मूल कार्यविधिको दफा १(२) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : यो कार्यविधिको (पहिलो संशोधन, २०७९) भरतपुर महानगरपालिका नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी प्रमाणिकरण पश्चात स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

३. मूल कार्यविधिको दफा २ (छ) लाई हटाइएको छ।

४. मूल कार्यविधिको दफा २ (ञ) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : मूल्यांकन समिति भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठन भएको मूल्यांकन समितिलाई जनाउनेछ।

५. मूल कार्यविधिको दफा २(फ) लाई देहाय बमोजिम हुनेगरी थप गरिएको छ: छोटो अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिम भन्नाले दश कार्य दिन (६० घण्टा) देखि पैसट्ठी कार्य दिन (३९० घण्टा) सम्मको तालिम भन्ने बुझिनेछ। तर ड्राइभिङ्ग तालिम भन्नाले ३० कार्यदिन (२० घण्टा) सम्मको तालिम भन्ने बुझिनेछ।

६. मूल कार्यविधिको दफा ५ (१) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : भरतपुर महानगरपालिकाले संस्थाहरुलाई दफा ४ (३) बमोजिमको आयोजना सञ्चालन गर्ने संस्थाको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित शेयर पूंजी र जगेडा कोषको कूल योगको पच्चिस प्रतिशतभन्दा बढी नहुने गरी बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ।

७. मूल कार्यविधिको दफा ५(४) लाई हटाइएको छ।

८. मूल कार्यविधिको दफा ६(१) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: दफा ४(३) मा उल्लेखित आयोजना सञ्चालन गर्न संस्थाको लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित शेयर पूंजी र जगेडा कोषको कूल योगको पच्चीस प्रतिशत भन्दा बढी नहुने गरी भरतपुर महानगरपालिकाले संस्थाहरुलाई कुल स्थीर पुँजी आवश्यकताको पचास प्रतिशतसम्म पुँजीगत अनुदान प्रदान गर्न सक्नेछ । तर बिक्रम सम्बत २०४८ भन्दा पहिले दर्ता भएका साझा सहकारी संस्थाहरुलाई कुल स्थीर पुँजी आवश्यकताको पचास प्रतिशतसम्म पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ ।

९. मूल कार्यविधिको दफा ६ (४) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय आयोजनाको अवधि, प्रदान गरिने वित्तीय अनुदानको भुक्तानी र तत्सम्बन्धी अन्य सर्तहरू आयोजनाको प्रकृति हेरी मूल्यांकन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. मूल कार्यविधिको दफा १० (१) ङ लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पूरा नभएको ।

११. मूल कार्यविधिको दफा १०(१) च देहाय बमोजिम हुनेगरी थप गरिएको छ: सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट रु. एकलाख वा सो भन्दा बढी रकम अनुदान लगेको तिन वर्ष पुरा नभएको,

१२. मूल कार्यविधिको दफा १३(१) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : दफा १२ बमोजिम प्राप्त दरखास्त उपर सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा प्रारम्भिक कागजातहरु रुजु पश्चात कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखाबाट कर्मचारी व्यवस्थापन गरी अनुसूची १३ बमोजिम फिल्ड अनुगमन गरिनेछ ।

१३. मूल कार्यविधिको दफा १३ (२) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: उपदफा (१) बमोजिम कागजातहरु रुजु र फिल्ड अनुगमन पश्चात अनुगमन प्रतिवेदन सहित सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले मूल्याङ्कन समिति समक्ष अनुसूची ३ बमोजिम मूल्याङ्कन गरी लाभग्राही छनौट गर्न पेश गर्नेछ ।

१४. मूल कार्यविधिको दफा १३(३) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप

गरिएको छ: मूल्यांकन समितिले लाभग्राही छनौट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ ।

१५. मूल कार्यविधिको दफा १३(४) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: सहकारी संस्थाको कार्यक्रमलाई उपलव्ध हुने अधिकतम अनुदान र अनुदान प्रतिशत मूल्यांकन समितिले तोके बमोजिम हुनेछ ।

१६. मूल कार्यविधिको दफा १३(५) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य निर्देशन मूल्याङ्कन समितिको निर्णय बमोजिम हुनेछ ।

१७. मूल कार्यविधिको दफा १३(६) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: मूल्याङ्कन समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ ।

१८. मूल कार्यविधिको दफा १४ लाई हटाइएको छ ।

१९. मूल कार्यविधिको दफा १५(१) लाई हटाइएको छ ।

२०. मूल कार्यविधिको दफा १५(२) लाई हटाइएको छ ।

२१. मूल कार्यविधिको दफा १५(३) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : मूल्याङ्कन समितिको निर्णय पश्चात छनौट भएका लाभग्राहीको नतिजा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना पाटीमा टाँस गरिनेछ ।

२२. मूल कार्यविधिको दफा १५(४) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: अनुदानका लागि छनौट भएका सहकारी संस्थासँग कार्य सञ्चालनको लागि सम्झौता गरिनेछ । सम्झौता बमोजिम कार्य सम्पन्न गरी अनुसूची–८ बमोजिमको ढाँचामा कार्य सम्पन्न मुचुल्का सहित सम्झौतामा तोकिएका कागजातहरु पेश गरेपछि महानगरपालिकाले भुक्तानी दिनेछ ।

२३. मूल कार्यविधिको दफा १५(५) लाई हटाइएको छ ।

२४. मूल कार्यविधिको दफा १५ (६) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मूल्याङ्कन समितिले आवश्यक देखेका उपयुक्त आयोजनालाई कुनै सर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

२५. मूल कार्यविधिको दफा १५ (७) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप

गरिएको छ: मूल्याङ्कन समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ।

२६. मूल कार्यविधिको दफा १६(३) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पुरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पुरा नगरेसम्म र मूल्याङ्कन समितिले दफा १५ को उपदफा (६) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन।

२७. मूल कार्यविधिको दफा २०(१) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको भरतपुर महानगरपालिकाले अनुगमन गर्नु पर्नेछ। अनुगमन कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ।

२८. मूल कार्यविधिको दफा २८(१) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ :दफा २७ बमोजिम प्राप्त दरखास्त उपर सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले प्रारम्भिक कागजातहरु रुजु गर्नेछ।

२९. मूल कार्यविधिको दफा २८(२) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: उपदफा (१) बमोजिम छानविन गर्दा यस कार्यविधि बमोजिम प्रारम्भिक छानविन पश्चात सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले मूल्याङ्कन समिति समक्ष अनुसूची-६ बमोजिमको मूल्याङ्कन प्रतिवेदन तयार गर्न पेश गर्नेछ।

३०. मूल कार्यविधिको दफा २८(३) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ : मूल्यांकन समितिले लाभग्राही छनौट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ।

३१. मूल कार्यविधिको दफा २८(४) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: कार्यक्रमवाट उपलव्ध हुने अधिकतम ब्याज अनुदान र ब्याज अनुदान प्रतिशत मूल्यांकन समितिले तोके बमोजिम हुनेछ।

३२. मूल कार्यविधिको दफा २८(५) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य निर्देशन मूल्यांकन समितिले तोकेबमोजिम हुनेछ।

३३. मूल कार्यविधिको दफा २८(६) लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: मूल्यांकन समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ।

३४. मूल कार्यविधिको दफा २९ लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: सहकारी क्षेत्र सुधारको लागि अनुगमन कार्यक्रम: सहकारी क्षेत्र सुधारको लागि सहकारी संस्थाहरूको अनुगमन कार्यक्रम संचालन गरिनेछ । सहकारी संस्था अनुगमनको प्रतिवेदन भरतपुर महानगरपालिकामा प्राप्त भएपछि अनुगमनकर्ताहरुलाई भरतपुर महानगरपालिकाको आन्तरिक कार्य संचालन निर्देशिका, २०७९ बमोजिम अनुगमन भत्ता उपलब्ध गराइनेछ।

३५. मूल कार्यविधिको दफा ३० लाई हटाइएको छ।

३६. मूल कार्यविधिको दफा ३२ लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: महानगर सहकारी गतिविधि प्रकाशन कार्यक्रम: सहकारी तथा रोजगार प्रवर्द्धन शाखाका विविध गतिविधि, सहकारी संस्थाको संक्षिप्त विवरण, सहकारी सम्बन्धी लेख आदि विषयवस्तु समेटी महानगर सहकारी गतिविधि प्रकाशन कार्यक्रम संचालन सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले गर्नेछ।

३७. मूल कार्यविधिको दफा ३३ लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: आम संचारको माध्यमबाट सहकारी सम्बन्धी नियमित सूचना प्रवाह कार्यक्रम : आम संचारको माध्यमबाट सहकारी सम्बन्धी नियमित सूचना प्रवाह र आवश्यकता अनुसार सहकारी सम्बन्धी सार्वजनिक सूचनाको स्ट्याण्ड बोर्ड महानगरपालिकाको विभिन्न वडाहरुमा राख्ने व्यवस्था मिलाउने कार्यक्रम संचालन सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले गर्नेछ।

३८. मूल कार्यविधिको दफा ३४ लाई हटाइएको छ।

३९. मूल कार्यविधिको दफा ४१(१)लाई देहाय बमोजिम हुनेगरी संशोधन र थप गरिएको छ: सबै प्रकारका सहकारी शिक्षा, तालिम, गोष्ठि, सेमिनार कार्यशाला आदि कार्यक्रम संचालन गर्दा लाग्ने कार्यक्रम संचालन खर्च भरतपुर महानगरपालिकाको आन्तरिक कार्य संचालन निर्देशिका, २०७९ बमोजिम हुनेछ।

४०. मूल कार्यविधिको दफा ४१(१) क देखि ण सम्मको सबै व्यवस्था हटाइएको छ।

४१. मूल कार्यविधिको दफा ४५$_{क}$ देहाय बमोजिम हुनेगरी थप गरिएको छ : छोटो

अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिम:

(१) सहकारी तथा रोजगार प्रवर्द्धन शाखाबाट संचालन हुने मागमा आधारित छोटो अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिम जस्तै ड्राइभिङ, मेयरसंग उद्यमशीलता आदिमा देहाय बमोजिम प्रशिक्षार्थी छनौट गरिनेछ।

क. सार्वजनिक सूचना मार्फत भरतपुर महानगरपालिकाका भित्र स्थायी बसोवास गर्ने, कम्तिमा आठ कक्षा उत्तिर्ण र १८ वर्ष पुरा गरी ४० वर्ष नपुगेको इच्छुक व्यक्तिबाट आवेदन माग,

ख. आवेदन संकलन, (अनुसूची ९)

ग. प्राप्त आवेदनहरु रुजू र मुल्यांकन, (अनुसूची १०)

घ. अन्तर्वार्ता, (अनुसूची ११)

ङ. समष्टिगत प्राप्ताङ्क फारम (अनुसूची १२)

च. वैकल्पिक उम्मेदवार सहितको नतिजा प्रकाशन,

छ. मुख्य उम्मेदवार भर्ना नभएको अवस्थामा वैकल्पिक सूचीबाट भर्ना।

(२) छोटो अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिममा प्राविधिक क्षिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्वीकृत पाठ्यक्रमको व्यवस्था बमोजिम सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा संचालन गरिनेछ।

(३) छोटो अवधिको प्रत्येक सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिमको सहभागी संख्या २० जनासम्म हुनेछन।

(४) प्रशिक्षार्थी तालिम अवधिभर सक्रिय एवं अनुशासित तरिकाले न्यूनतम ९० प्रतिशत रूजू हाजिर भई सहभागी हुनुपर्नेछ।

(५) छोटो अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिमको कुनै विषयमा आवेदक कम भएमा तालिम संचालन गर्ने नगर्ने अधिकार महानगरपालिकामा निहित हुनेछ।

(६) छोटो अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिमका लागि सहभागी छनौट गर्दा दलित, अपाङ्ग, शहिद परिवार र एकल महिलालाई प्राथमिकता दिइनेछ।

(७) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि छोटो अवधिको सीपमुलक स्वरोजगार प्रवर्द्धन तालिमको लागि आवेदन पेशगर्ने उपदफा (१) क

बमोजिमको योग्यता भएका आवेदकहरुलाई माग अनुसारको तालिम प्रदान गर्न विनियोजित बजेट अपुग हुने देखिएमा मात्र उपदफा (१) ग, उपदफा (१)घ, उपदफा (१)ङ, उपदफा (१)च र उपदफा (१)छ को प्रक्रियाबाट प्रशिक्षार्थी छनौट गरिनेछ। तर उपदफा (१)क बमोजिमको योग्यता भएका सम्पूर्ण आवेदकहरुलाई तालिम प्रदान विनियोजित बजेटले पुग्ने देखिएमा सम्पूर्ण आवेदकलाई माग बमोजिमको तालिम प्रदान गरिनेछ।

(८) तालिम संचालन हुनुभन्दा अघि आवेदनमा उल्लेखित तालिमको विषय आवेदकले परिवर्तन गर्न चाहेमा प्रमुख प्रशासकीय अधिकृत वा आर्थिक विकास महाशाखा प्रमुखको अनुमतिले गर्न सकिनेछ।

(९) छोटो अवधिको शिपमूलक स्वरोजगार प्रवर्द्धन तालिम सञ्चालनको लगत इस्टिमेट सम्भव भएसम्म CTEVT को आंगिक निकायबाट गरिनेछ।

४२. मूल कार्यविधिको दफा ४७ लाई हटाइएको छ।

४३. मूल कार्यविधिको अनुसूची ३ मा देहाय बुँदा १२ थप गरिएको छ।

स्थलगत अनुगमनको निष्कर्ष

| | |
|---|---|
| १२ | स्थलगत अनुगमन प्रतिबेदन अनुसार संस्थालाई माग बमोजिम अनुदान दिन |
| | क) आवश्यक देखिएको |
| | ख) आवश्यक नदेखिएको |

४४. मूल कार्यविधिको अनुसूची ७ मा देहाय बमोजिम हुनेगरी बुँदा नं. ६ थप गरिएको छ:

६. COPOMIS सफ्टवेयर कार्यान्वयन तालिम

१. समयावधिः १ देखि २ दिन

२. कक्षा संख्याः ४ देखि ८ वटा

३. प्रति कक्षा समयः ९० मिनेट

४. सहभागीः कम्तीमा २० र बढीमा ३५ जना।

तालिमका उद्देश्य

तालिमको समाप्ती पश्चात सहभागीहरुले निम्न कार्यहरु गर्न सक्नेछन्

१. COPOMIS सफ्टवेयरको परिचय, आवश्यकता र चुनौती बिश्लेषण,

२. संस्थामा COPOMIS सञ्चालन गर्न सक्षम,

३. सहकारी संस्थाहरुलाई प्रविधिको आवश्यकता र महत्व वोध गराउन ।

४. सहकारी संस्थाहरुको कार्यालय पहुँच सहज बनाउन ।

| सि.नं. | बिषयबस्तु | कक्षा संख्या |
|---|---|---|
| १ | COPOMIS सफ्टवेयरको परिचय | २ |
| २ | COPOMIS सफ्टवेयरको आवश्यकता | १ |
| ३ | COPOMIS सफ्टवेयर प्रयोग | ७ |
| | जम्मा कक्षा | १० |

१० वटा कक्षावाट उपलव्ध कार्यक्रम तथा बजेट, समय सीमा, सहभागीको माग, स्तर, आवश्यकता र स्रोत व्यक्तिको उपलव्धताको आधारमा ४ देखि ८ वटा कक्षा छनौट गरी तालिम कार्यक्रम सञ्चालन हुनेछ ।

४५. मूल कार्यविधिमा देहाय बमोजिम हुनेगरी अनुसूची ८ थप गरिएको छ :

अनुसूची -८

(दफा १५(४) संग सम्बन्धित मुचुल्का)

लिखितम भरतपुर महानगरपालिका वडा नम्बर........................ मा संचालनमा रहेको श्री..................................................................फर्म/सहकारी संस्था/संघ लिमिटेडले भरतपुर महानगरपालिकाबाट प्राप्त हुने......................अनुदान रकम रु........................... (अक्षरेपी.............................................................) र फर्म/संस्था/संघको रु.................... (अक्षरेपी...................................................) गरी जम्मा लागत रु........................... (अक्षरेपी................................................) बाट सम्झौता बमोजिम मिति........................... मा ...................................... आयोजना/कार्यक्रम सम्पन्न गरेको ठिक साँचो हो । ...................................... फर्म/संस्था/संघ लिमिटेडलाई नियमानुसारको अनुदान रकम भुक्तानी दिँदा कुनै फरक पर्दैन । फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला भनि राजीखुशीले सहिछाप गर्ने ।

१. ...............फर्म/सहकारी संस्था/संघ लिमिटेड, अध्यक्ष श्री
२. भरतपुर महानगरपालिका वडा नं.........बस्ने वर्ष ........श्री
३. भरतपुर महानगरपालिका वडा नं.........बस्ने वर्ष ........श्री
४. भरतपुर महानगरपालिका वडा नं.........बस्ने वर्ष ........श्री
५. भरतपुर महानगरपालिका वडा नं.........बस्ने वर्ष ........श्री

**रोहवर**

भरतपुर महानगरपालिका वडा नं.........बस्ने वर्ष ........वडा अध्यक्ष/ वडा सदस्य/कार्यपालिका सदस्य श्री

**काम तामेल गर्ने**

नाम : .....................................

पद : .....................................

मिति : .....................................

४६. मूल कार्यविधिमा देहाय बमोजिम हुनेगरी अनुसूची ९ थप गरिएको छ :

आवेदकको हालसालै खिचेको फोटो

अनुसूची -९

(दफा ४५$_{क}$(१) ख संग सम्बन्धित)

प्रशिक्षार्थी आवेदन फारम

मितिः..............................

१. तालिम लिन चाहेको बिषय (प्राथमिकता क्रममा) : क. ख.

२. आवेदकको व्यक्तिगत जानकारी :

नाम (देवनागरीमा):

नाम (अंग्रेजी ठूलो अक्षरमा):

नागरिकता नम्बरः............................. जारी मितिः.................................

जारी जिल्लाः..................................

लिङ्गः महिला ........पुरुष ........अन्य ........ जन्म मितिः ......................

उमेरः बर्ष महिना दिन

बैबाहिक अवस्थाः ............ अविवाहित, ............. विवाहित, ...........एकल

परिवारको सदस्य संख्या :

३. जात/जाति समूहः ....................... दलित, ...................... गैर दलित

४. विशेष अवस्था : ............अपाङ्ग, ..........शहिद परिवार

५. विशेष अवस्था सम्बन्धी आधिकारिक कागजात : छ, छैन

६. तपाई किन यस कार्यक्रममा सहभागी हुन चाहनुहुन्छ ? कुनै एकमा चिन्ह लगाउनुहोस् ।

क. नयाँ सिप सिकेर स्वरोजगार बन्न

ख. भएको सीपलाई तिखार्न र बनाउन

ग. फुर्सदको समयलाई सदुपयोग गर्न

घ. बैदेशिक रोजगारीमा जान

ङ. अन्य भए खुलाउने ...........................................................................

७. शैक्षिक विवरणको जानकारी

क. आठ कक्षा उत्तीर्ण ख. एस.एल.सी./एस.ई.ई. उत्तीर्ण

ग. उच्च माध्यमिक तह उत्तीर्ण

घ. स्नातक तह वा सो भन्दा माथिल्लो तह उत्तीर्ण

८. तपाईले यो भन्दा पहिले कुनै सिप सम्बन्धी तालिम लिएको भए,

क. तालिमको नाम ..............................

ख. तालिमको विषय ............................

ग. तालिमको अवधि ...........................

घ. तालिम दिने संस्था ...........................

यस फारममा उल्लेखित सबै विवरण साँचो हो, झुट्टा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउला।

निवेदकको

नाम

दस्तखत

मिति :

मोवाइल नम्बर :

४७. मूल कार्यविधिमा देहाय बमोजिम हुनेगरी अनुसूची १० थप गरिएको छ :

अनुसूची -१०

(दफा ४५क (१) ग संग सम्बन्धित)

आवेदन मुल्याङ्कन फारम

(सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले अन्तर्वार्ता भन्दा अघि आवेदन फारमको आधारमा भर्नुपर्ने)

| क्र. सं. | आवेदकको नाम र थर | वैवाहिक अवस्था | | जात/जाति | | अपाङ्गता | शहिद परिवार | लिङ्ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विवाहित/अविवाहित | एकल | दलित | गैर दलित | | | महिला | पुरुष | अन्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्ने
नाम :
दस्तखत :

पेश गर्ने
नामः
दस्तखतः

प्रमाणित गर्ने
नामः
दस्तखत :

## अनुसूची १० बमोजिम तालिम आवेदन मूल्यांकन गर्दा अङ्कभार निर्धारण गर्ने आधारहरु

१. वैवाहिक अवस्था – ५

क) विवाहित/अविवाहित –३

ख) एकल महिला (प्रमाणित कागजात भए मात्रै) – ५

२. जात/जाति – ५

क. गैर दलित – ४

ख. दलित – ५

३. अपाङ्गता (ग र घ वर्गको प्रमाणित कागजात भए मात्रै) – ३

४. शहिद परिवार (प्रमाणित कागजात भए मात्रै) – २

५. लिङ्ग – ५

क. पुरुष – ३

ख. महिला – ४

ग. अन्य (प्रमाणित कागजात भए मात्रै) – ५

४८. मूल कार्यविधिमा देहाय बमोजिम हुनेगरी अनुसूची ११ थप गरिएको छ :

## अनुसूची -११

(दफा ४५क(१)घ संग सम्बन्धित)

## अन्तर्वार्ता फारम

(भरतपुर महानगरपालिकाको मूल्यांकन समितिले अन्तर्वार्ताको क्रममा भर्नुपर्ने)

| क्र. सं. | आवेदकको नाम र थर | पाठ्यक्रमले तोके बमोजिमको आधारभूत पढाई र अंक ज्ञान | तालिम पूरा गर्ने प्रतिवद्धता | तालिम प्रतिको सकारात्मक सोच | तालिमपश्चात रोजगार हुन देखाउने उत्प्रेरणा | उद्यमशीलता प्रतिको अभिरुचि | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ६ | ६ | ६ | ६ | ६ | ३० |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अन्तर्वार्ताकारको नाम दस्तखत मिति

१

२

३

४

५

### अन्तर्वार्ताको अङ्कभार निर्धारण गर्ने आधारहरु

| क्र.सं. | अङ्कभार निर्धारण गर्ने आधारहरु | अङ्कभार | | |
|---|---|---|---|---|
| १ | पाठ्यक्रमले तोके बमोजिमको आधारभूत पढाई र अंक ज्ञान | उच्च (६) | मध्यम (४) | न्यून (३) |
| २ | तालिम पूरा गर्ने प्रतिवद्धता | स्पष्ट (६) | मध्यम (४) | अस्पष्ट (३) |
| ३ | तालिम प्रतिको सकारात्मक सोच | उच्च (६) | मध्यम (४) | न्यून (३) |
| ४ | तालिमपश्चात रोजगार हुन देखाउने उत्प्रेरणा | उच्च (६) | मध्यम (४) | न्यून (३) |
| ५ | उद्यमशीलता प्रतिको अभिरुचि | स्पष्ट (६) | मध्यम (४) | अस्पष्ट (३) |

४९. मूल कार्यविधिमा देहाय बमोजिम हुनेगरी अनुसूची १२ थप गरिएको छ :

अनुसूची -१२

(दफा ४५$_{क}$(१)ङ संग सम्बन्धित)

समष्टिगत प्राप्ताङ्क फारम

| क्र. सं. | आवेदकको नाम र थर | प्राप्ताङ्क | | |
|---|---|---|---|---|
| | | तालिम आवेदन मूल्यांकनको प्राप्ताङ्क २० | अन्तर्वार्ताबाट प्राप्ताङ्क ३० | जम्म प्राप्ताङ्क ५० |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

| तयार गर्ने | पेश गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| नाम : | नामः | नाम : |
| दस्तखत : | दस्तखतः | दस्तखत : |

४९. मूल कार्यविधिमा देहाय बमोजिम हुनेगरी अनुसूची १३ थप गरिएको छ :

## अनुसूची -१३
(दफा १३ (१) संग सम्बन्धित)
### अनुगमन प्रतिवेदन

१. संस्थाको नाम :

२. संस्थाको ठेगाना :

३. संस्था दर्ता नम्बर :

४. संस्था दर्ता मिति :

| सि.नं. | अनुगमन आधार |
|---|---|
| १ | संस्थाको वार्षिक लेखापरिक्षण र वार्षिक साधारण सभा |
| | क) दुवै कानूनले निर्धारण गरेको समयभित्र नियमित हुने गरेको |
| | ख) निर्धारित समय भन्दा ढिलो हुने गरेको |
| | ग) साधारण सभा मात्र हुने गरेको |
| | घ) लेखा परिक्षण मात्र हुने गरेको |
| | ङ) दुवै गर्ने नगरेको |
| २ | सञ्चालक समितिको बैठक |
| | क) नियमित रुपमा हुने गरेको |
| | ख) नियमित नभएको |
| ३ | लेखा सुपरिवेक्षण समितिको क्रियाशिलता |
| | क) सुपरिवेक्षण गरी संचालक समितिलाई लिखित राय सुझाव दिने, आफ्नो छुट्टै बैठक बस्ने, निर्णय गर्ने, साधारण सभामा प्रतिवेदन पेश गर्ने गरेको |
| | ख) सुपरिवेक्षण मात्र गरी नियमित राय सुझाव मात्र दिने गरेको |
| | ग) नियमित रुपमा नगरी कहिलेकाहिँ मात्र गर्ने गरेको |

| | |
|---|---|
| ४ | सम्बन्धित निकायमा पठाउनु पर्ने विवरण तथा प्रतिवेदन |
| | क) नियमित रुपमा पठाउने गरेको |
| | ख) कहिलेकाँहि मात्र पठाउने गरेको |
| ५ | संस्थाको आन्तरिक कार्यविधि |
| | क) आवश्यक सबै कार्यविधिभएको (५ वटा भन्दा बढी भएको) |
| | ख) आंशिक मात्र भएको (१ देखि ५ वटा भएको) |
| | ग) कुनै पनि कार्यविधिनभएको |
| ६ | संस्थाको भवन व्यवस्था |
| | क) आफ्नो भवन भएको |
| | ख) भाडामा लिनुपर्ने |
| ७ | संस्थाको कारोवार र कार्यक्षेत्र |
| | क) संस्थाले स्वीकृत कार्यक्षेत्र भित्र मात्र कारोवार गरेको |
| | ख) संस्थाले स्वीकृत कार्यक्षेत्र बाहिर पनि कारोवार गरेको |
| ८ | संस्थाको कारोवार र सदस्य |
| | क) संस्थाले शेयर सदस्य भित्र मात्र कारोवार गरेको |
| | ख) संस्थाले गैर सदस्य सँग पनि कारोवार गरेको |
| ९ | सदस्य सहभागिता |
| | क) बहुसंख्यक सिमान्तकृत र महिला सदस्यको सहभागिता भएको |
| | ख) बहुसंख्यक अन्य सदस्यको सहभागिता भएको |
| १० | सहकारी सूचना प्रणाली (COPOMIS)मा आवद्धता |
| | क) आवद्धता भएको |
| | ख) आवद्धता नभएको |
| ११ | संचालक समितिमा महिला सहभागिता |
| | क) तेत्तिस प्रतिशत भन्दा बढी भएमा |
| | ख) तेत्तिस प्रतिशत भन्दा कम भएमा |
| | ग) नभएमा |

| | |
|---|---|
| १२ | स्थलगत अनुगमनबाट संस्थालाई माग बमोजिम अनुदान दिन |
| | क) आवश्यक देखिएको |
| | ख) आवश्यक नदेखिएको |

अन्य कुनै कुरा भए खुलाउने

**अनुगमनकर्ताहरु**

**नाम** **पद**

१.

२.

३.

मिति

आज्ञाले

**महेन्द्रप्रसाद पौड्याल**

नि. प्रमुख प्रशासकीय अधिकृत